कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ असार ०२ गते मंगलबार

वर्ष १ अंक ४




### स्वयम् एकान्तबास बस्ने Self - Quarantine मा बस्दा पालना गर्नु पर्ने नियमहरू

१. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु, र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दूरी राख्नेछु ।

२. म छुट्टै बाथरूम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरूम र शौचालय आफैं सफा गर्नेछु ।

३. म आफु बस्ने कोठा आफैं सफा गर्नेछु ।

४. म घरभित्र साझा रूपमा प्रयोग हुने ठाउँहरू जस्तै भान्सा, शौचालयमा मेरो आवात जावतलाई सीमित गर्नेछु । यी साझा ठाउँहरूमा पर्याप्त भेन्टिलेसन भएको (वा झ्याल खुला रहने) सुनिश्चित गर्नेछु ।

५. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन । म काममा, विद्यालयमा वा सार्वजनिक क्षेत्रहरूमा जाँदिन र सार्वजनिक यातायातको प्रयोग गर्दिन ।

६. म नियमित रूपमा आफ्नो हात साबुन र पानीले मिची मिची २० सेकेन्डसम्म धुनेछु, वा हात सफा राख्न अल्कोहल युक्त हेन्ड सेनिटाइजर प्रयोग गर्नेछु । म हात नधोइ मेरा आँखा, नाक र मुख छुनबाट जोगिनेछु ।

७. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौली र रुमाल, ओछ्यान, वा अन्य सामानहरू घरका अन्य व्यक्तिहरूसँग साझा प्रयोग गर्दिन । प्रयोग गरेपछि यी सामानहरू म साबुन र पानीले सफा संग धुनेछु ।

८. म अन्य व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

९. यदि अन्य व्यक्तिहरूसँगको सम्पर्कमा आउनु पर्दा, म कम्तिमा १ मिटर (३ फिट) को दूरी राख्नेछु र म अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु ।

१०. खोक्दा वा हाच्छिउँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्नेछु ।

११. म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु, रूमाल, मास्क र अन्य चीजहरू छुट्टै फोहोर फाल्ने ठांउमा फाल्नेछु र फाले पछि तुरून्तै कम्तिमा २० सेकेन्ड सम्मका लागी अफ्ना हातहरू साबुन र पानीले मिची मिची धुनेछु । रूमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासंग धुनेछु र यसलाई घाममा राम्ररी सुकाएपछि मात्र प्रयोग गर्नेछु ।

१२. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशनहरूको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधैं तयार रहनेछु ।

१३. म क्वारेन्टाइनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाच्नेछु र दिईएको फाराममा रेकर्ड गर्नेछु । मलाई दिईएको निर्देशन अनुसार १४ दिन सम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।

१४. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाइनमा बस्दा अन्य केही समस्याहरू भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशनहरू अनुरूप गर्नेछु ।

१५. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संगको पूर्व अनुमति बिना क्वारेन्टाइन स्थान भन्दा बाहिर यात्रा गर्ने छैन ।

**आवश्यक भएमा यहाँ सम्पर्क गर्न सक्नुहुनेछ ।**

**Health Emergency Operation Centre**
Phone: 01-4250845,
Fax: 01-4250842,
E-mail: heocmohp@gmail.com,
Web: heoc.mohp.gov.np
fb: fb.com/HEOC

**Epidemiology and Disease Control Division**
Phone: 01-4255796,
E-mail: ewarsedcd@gmail.com,
Web: edcd.gov.np, fb: fb.com/edcdnepal

**COVID-19 Hotline**
Get your queries answered from
**From 8:00 AM – 8:00 PM**
**Call Center 1115**
**Call: 9851255839, 9851255837, 9851255834**



## बि.ओ.पि. नेचुङको स्थापना पश्चात् सकल दर्जालाई कोभिड १९ सम्बन्धि निर्देशन दिँदै स.प्र.अ.म.नि. श्री नारायण बाबु थापा



सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट नेचुङ्गको स्थापना गर्न मुस्ताङ्ग जिल्ला आउनु भएका सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय कार्य तथा सीमा सुरक्षा विभागका विभागीय प्रमुख सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायण बाबु थापाले मिति २०७७/०२/१५ गते बोर्डर आउट पोष्ट स्थापना पश्चात यस जिल्लाका CCMC का पदाधिकारीहरुँग भेट गरी जिल्लामा कोरोना संक्रमण, जोखिम, अपनाईएका सावधानी तथा स्वास्थ्योपचारको अवस्था सम्बन्धमा जानकारी लिनु भएको थियो । उक्त बोर्डर आउट पोष्टमा कार्यरत सम्पुर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई सावधानी पुर्वक कोरोना नियन्त्रण तथा रोकथामका लागि दत्तचित्त भएर नेपाल सरकारद्धारा प्रद्धत्त म्याण्डेटहरु त्रुटिरहित तवरबाट कार्य सम्पादन गर्न अमुल्य निर्देशन समेत दिनुभएको थियो ।

यसै अवसरमा गण्डकी प्रदेश स्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्रका सदस्य सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कविन्द्रमान श्रेष्ठले जिल्लाको अवस्था बारे जानकारी लिँदै CCMC मुस्ताङ्गले कोरोना नियन्त्रण तथा रोकथामका लागि गरेको प्रयासहरुको प्रशंसा गर्नु भएको थियो । आगामी दिनहरु थप सुरक्षा चुनौतिहरु देखा पर्न सक्ने हुँदा समयानुकुल सुरक्षा योजना बनाई अन्य सुरक्षा निकायहरुसँग प्रभावकारी समन्वयका साथ कार्य सम्पादन गर्न समेत निर्देशन दिनु भएको थियो ।

## पश्चिम पृतनापति उपरथी श्री गोकुल भण्डारीद्धारा जिल्लाको CCMC सँग छलफल





मिति २०७७/०२/२६ गते प्रदेश स्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्रका सदस्य पश्चिम पृतनाका पृतनापति उपरथी श्री गोकुल भण्डारीद्धारा मुस्ताङ्ग जिल्लामा कोभिड-१९ सम्बन्धि जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्र (CCMC) द्धारा गरिएको कार्यहरु तथा आगामी योजनाहरुको सम्बन्धमा छलफल कार्यक्रम गरी जानकारी लिनु को साथै सो सँग सम्बन्धित आवश्यक निर्देशनहरु समेत दिनु भएको थियो । यसका साथै उहाँले जिल्ला स्थित सुरक्षा निकायहरुको समेत स्थलगत निरीक्षण गरी आवश्यक समन्वय गरी प्रभावकारी रुपमा परिचालित हुन निर्देशन दिनु भएको थियो । उक्त छलफललाई CCMC का पदाधिकारीहरुले उपलब्धिमुलक भएको महशुस गरेको पाईएको छ।

# कोभिड – १९ संग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक

बैठक तथा निर्णयहरु

## मिति २०७७/०२/१८ गतेका निर्णयहरु

- जिल्ला प्रवेश गर्ने मुस्ताङवासी लगायतलाई प्रवेश नाकामा संक्रमण नहुने गरी आवश्यक व्यवस्था मिलाउन स्थानिय CCMC लाई निर्देशन दिने र यस सम्बन्धी कार्यको आवश्यक समन्वय गर्ने ।
- विदेशबाट आई यस जिल्लामा प्रवेश गर्ने नागरिकहरुलाई सम्बन्धित गाउँपालिकासम्म पुर्याउन यातायातको सहज व्यवस्था सम्बन्धित स्थानिय तहको समन्वयमा व्यवस्थापन गर्ने ।
- जिल्ला भित्रका क्वारेन्टाईनमा रहेका व्यक्तिहरुलाई सुरक्षा व्यवस्था, खाना, बस्त्र आदिको उचित व्यवस्थापन गर्न स्थानिय CCMC लाई निर्देशन दिने ।
- मित्रराष्ट्र भारतबाट निकट भविष्यमा यस जिल्ला भित्र प्रवेश गर्न सक्ने सम्भावित नागरिकहरुको संख्या र विवरण सम्बन्धित स्थानिय तहसँग उपलब्ध गराउनका लागि अनुरोध गर्ने ।
- यस जिल्लामा प्रवेश विन्दु घाँसामा विदेशबाट आउने मुस्ताङवासी, संक्रमित जिल्लाबाट मालवस्तु ढुवानी गरी ल्याउने सवारी साधनका चालक र सहचालक तथा हेभि ईक्विपमेन्ट अपरेटरहरुलाई जिल्ला प्रवेश गर्नु अगावै RDT टेष्ट गरेर मात्र प्रवेश गर्ने व्यवस्था मिलाउने ।
- गण्डकी प्रदेशमा कोभिड १९ को संक्रमणको संख्या बढ्दो अवस्थामा रहेको र यस जिल्लामा समेत संक्रमण भित्रिन सक्ने सम्भावना भएकोले यस जिल्लाको प्रवेश विन्दु घाँसामा नियमित रुपमा परिक्षण गर्ने कार्य शुरु भई सकेको ले RDT किट सहितका आवश्यक स्वास्थ्य सामाग्री संघिय सरकार / प्रदेश सरकार र यस जिल्लाका काउन्टर पार्टससँग उपलब्ध गराउनका लागि अनुरोध गर्ने ।

## मिति २०७७/०२/२६ गतेका निर्णयहरु

- हाल विश्वभर फैलिएको कोभिड १९ को संक्रमणबाट बच्नको लागि काठमाण्डौं मारवाडी सेवा समितिले भारतमा उत्पादन गरेको Arsenicam album 30c होमियोप्याथिक औषधिले मानिसमा Immunity पावर बढाउने कुरा बुझिन आएको र मारवाडि सेवा समितिले सहयोग प्रदान गर्ने प्रतिवद्धता जाहेर गरेकोले सो औषधि मुस्ताङ जिल्लामा वितरण गर्ने सम्बन्धमा उक्त औषधि विक्रि वितरण र उपयोग गर्न मिल्ने आधिकारिकता प्राप्त भए पछि मात्र उपयोग गर्न सिफारिस गर्ने ।
- हाल कोभिड १९ को संक्रमण विश्वभर फैलिएको अवस्थामा विदेशमा रहेका नेपालीहरुलाई नेपाल ल्याउने काम भईरहेको र विदेशमा रहेका करिब २०० जना मुस्ताङ वासीहरु फर्कने अवस्थामा रहेकोले फर्कने मध्ये थासाङ गाउँपालिकाका बासिन्दाहरुको लागि उक्त गाउँपालिकामा रहेको क्वारेन्टाईनमा, घरपझोङ, लो-घेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका बासिन्दाहरुलाई घरपझोङ गाउँपालिकाले व्यवस्थापन गरेको क्वारेन्टाईनमा र बाह्रगुङ मुक्तिक्षेत्र गाउँपालिकाका बासिन्दाहरुलाई सोही गाउँपालिकामा व्यवस्थापन गरेको क्वारेन्टाईनमा राखी तत् तत् क्वारेन्टाईनबाट स्वाब संकलन गरी परिक्षणको लागि पोखरा पठाउने र सो सम्बन्धि लाग्ने खर्च रकम सम्बन्धित गाउँपालिकाले व्यहोर्ने ।
- थासाङ गाउँपालिकाले ८ वटा Pre-Isolation बेड र घरपझोङ गाउँपालिकाले २५ वटा Pre-Isolation बेडको शिघ्र व्यवस्थापन गर्ने ।
- कोभिड १९ बाट संक्रमितको मृत्यु भएमा स्वाब व्यवस्थापन सम्बन्धि कार्यविधि अनुसार आ-आफ्नो धर्म संस्कृति बमोजिम दाहसंस्कार गर्ने, शव बाहनको लागि नेपाल रेडक्रस सोसाईटि मुस्ताङ शाखामा रहेको सवारी साधनलाई शव वाहनको रुपमा प्रयोग गर्ने र चालकको व्यवस्थापन सुरक्षा निकायले गर्ने ।

- क्वारेन्टाईन निर्माण र व्यवस्थापनको लागि हालसम्म घरपझोङ गाउँपालिकाको खर्च रु ४,१५,४२४ (रु चार लाख पन्ध्र हजार चार सय चौबिस) र थासाङ गाउँपालिकाको खर्च रु ५,१०,००० /-(रु. पाँच लाख दश हजार मात्र) एवं घरपझोङ गाउँपालिका र थासाङ्ग गाउँपालिकामा आईसोलेसन बेड तयार गर्नका लागि अनुमानित लागत रकम रु ७,५०,०००/- (रु सात लाख पचास हजार) लाग्ने हुँदा कुल जम्मा रकम रु १६,६५,४२४/- (सोह्र लाख पैसठ्ठी हजार चार सय चौबिस) सोधभर्ना एवं निकाशाको लागि गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयमा लेखी पठाउने ।

## प्रदेश स्तरिय CCMC का पदाधिकारीहरुसँग भिडियो कन्फेरेन्स सम्पन्न



मिति २०७७/०२/२९ गते गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ्ग लगायत प्रदेश स्थित सुरक्षा निकायका प्रमुखहरुबाट भिडियो कन्फेरेन्स मार्फत मुस्ताङ्ग जिल्लामा कोभिड १९ को अवस्था सम्बन्धि जानकारी लिनुका साथै जिल्लामा कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि तय गरिएका भावी योजनाहरु र सो योजनासँग सम्बन्धित चुनौतिहरु सम्बन्धमा छलफल गरी मुख्यमन्त्री ज्यूबाट अमूल्य निर्देशन दिनु भएको थियो ।

उक्त भिडियो कन्फरेन्समा यस जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु लगायत जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण

| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिब भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |

| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | RDT संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|---|
| ३१ | २३ | ८ | २१ | १३ | ८ | ४७९ | २२ |

- हालसम्म गरिएका RDT को नतिजा मध्ये ४५७ जनाको Non-Reactive र २२ जनाको Reactive तथा स्वाव टेस्टको नतिजा मध्ये १३ जनाको Negative आएको छ भने ९ जनाको नतिजा आउन बाँकी रहेको छ ।

# RDT Clinic को स्थापना, संक्रमण जोखिम न्यूनिकरणको प्रयास




कोभिड १९ संक्रमण परिक्षणलाई थप प्रभावकारी बनाउन तथा थप सतर्कता अपनाउने हेतुले यस जिल्लाको प्रवेश विन्दु घाँसामा विदेशबाट आउने मुस्ताङवासीहरु, संक्रमित जिल्लाबाट मालसामान तथा वस्तु ढुवानी गरी ल्याउने सवारी साधनका चालक र सह चालक तथा हेभी ईक्वीपमेन्ट अपरेटरहरुलाई जिल्ला प्रवेश गर्नु अगावै RDT गरेर मात्र प्रवेश गर्ने व्यवस्था मिलाउनका लागि मिति २०७७/०२/१७ गते जिल्ला मुस्ताङ थासाङ गाउँपालिका वडा नं. ४, घाँसामा CCMC का पदाधिकारीहरु, थासाङ्ग गाउँपालिकाका अध्यक्ष बुद्धि प्रसाद शेरचन र वडा नं. ४ का वडाध्यक्ष विशाल शेरचन सहितको उपस्थितिमा RDT Clinic को स्थापना गरिएको छ ।

यस RDT Clinic लाई थप प्रभावकारी तथा स्वास्थ्य सामाग्री पुर्तीका लागि संघिय सरकार/प्रदेश सरकार र यस जिल्लाको काउन्टर पार्टससँग उपलब्ध गराउनका लागि अनुरोध गर्ने निर्णय समेत CCMC को बैठकले गरेको छ ।

यस क्लिनिकमा जिल्ला अस्पताल जोमसोमबाट आवश्यक चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरु खटिएका छन् भने उक्त स्थानको लागि सरक्षाकर्मीहरुले आवश्यक सरक्षा उपलब्ध गराउँदै आएका छन ।



घाँसामा स्थापना गरिएको RDT Clinic मा मालवाहक सवारी साधनका चालक तथा सह चालकको RDT गर्दै स्वास्थ्यकर्मी ।



कोभिड-१९ को संक्रमणका कारण विदेशमा रहेका नेपालीहरु लाई स्वदेश फिर्ता गर्ने क्रममा मुस्ताङ्ग जिल्लावासिहरु करिब २००जना गाउँ फिर्ता हुने क्रममा रहेकोमा हालसम्म कोरोना मुक्त जिल्लाको सूचिमा रहन सफल रहेको यस जिल्लामा भबिश्यमा आउन सक्ने अप्ठ्यारो परिस्थितिको मध्यनजर गर्दै श्री बज्रदल गणद्धारा आफ्ना मेडिकल जनशक्तिलाई डेथवडि म्यानेजमेन्ट सम्वन्धि तालिम दिई तयारी अवस्थामा राख्नुको साथै कोभिड-१९ का विरुद्धमा सराहनिय भूमिका खेल्दै आएको छ ।

## जिल्लामा रहेका हेल्थडेस्क

- घाँसा
- जोमसोम स्थित समाजघर
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग



लोमान्थाङ गाउँपालिकामा स्थानियको फिभर चेक गर्दै स्वास्थ्यकर्मी ।

मिति २०७७/०२/०१ गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट १२,२७८ जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



थासाङ गाउँपालिका स्थित क्वारेन्टाईन कक्षमा रहेका बिरामीहरुलाई RDT गर्दै जिल्ला अस्पतालका चिकित्सकहरु ।



RDT को लागि आवश्यक तयारी गर्दै चिकित्सकहरु ।

### जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |

## Disinfection गर्दै सुरक्षाकर्मीहरु



जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सरकारी कार्यालयहरु तथा सुरक्षा निकायहरुको सहकार्यमा जिल्लाका सार्वजनिक स्थलहरुमा Disinfection गर्ने कार्य हुँदै आएको छ । नियमित रुपमा गरिने Disinfection का कार्यहरु जनसमुदायमा जनचेतना फैलाउन तथा कोरोना नियन्त्रण र रोकथाममा जन सहभागितालाई अभिवृद्धि गर्न समेत प्रभावकारी सिद्ध भएको छ ।



लोमान्थाङ्ग गाउँपालिकामा सुरक्षाकर्मीको फिभर जाँच गर्दै स्वास्थ्यकर्मी ।

## बि.ओ.पि. नेचुङद्धारा सीमा ईलाकामा पट्रोलिङ गर्दै र कोभिड १९ सँग सम्बन्धित जनचेतना फैलाउँदै





उपल्लो मुस्ताङ अन्तर्गतको लोमान्थाङ गाउँपालिकामा समेत देशमा बढ्दै गएको कोरोना संक्रमणलाई मध्ये नजर गरी संचार सेवाको पहुँचबाट टाढा रहेका स्थानहरुमा समेत सुरक्षा निकायहरुद्धारा जनचेतना मुलक सन्देश प्रवाह गर्ने तथा प्रत्यक्ष रुपमा जन समुदाय सँग सम्पर्कमा रही कोरोना सम्बन्धि नेपाल सरकार द्धारा भएका निति निर्देशनहरु बारे समेत जानकारी गराउने कार्यलाई तिव्रता दिएको छ ।

जनचेतना अभिवृद्धि गर्न हेतुले सुरक्षा निकायहरु नियमित रुपमा आफ्नो जिम्मेवारी ईलाकाहरुमा माईकिङ्गद्धारा सर्वसाधारणलाई कोभिड-१९ सम्बन्धि सन्देशहरु प्रवाह गर्दै आएका छन् ।

## काउन्टर पार्टसबाट कोभिड १९ सँग सम्बन्धित आवश्यक सामाग्रीहरु सहयोग स्वरुप प्राप्त






मिति २०७७/०३/०१ गते मुस्ताङ जिल्लालाई कोभिड १९ नियन्त्रण तथा रोकथाम एवं व्यवस्थापनका लागि सहयोगार्थ मित्र राष्ट्र चिनद्धारा प्रदान गरिएको स्वास्थ्य सामाग्रीहरु यस जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख छिरिङ ल्हामो गुरुङ्ग, प्रमुख जिल्ला अधिकारी वेद प्रसाद अर्याल, जिल्ला प्रहरी कार्यालय प्रमुख नविन कृष्ण भण्डारी, सशस्त्र प्रहरी नायव उपरीक्षक आनन्द थापा मगर, लोमान्थाङ गाउँपालिका अध्यक्ष सुवर्ण कुमार विष्ट, लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट, जिल्ला स्वास्थ्य कार्यालय प्रमुख टिकाराम भण्डारी, बोर्डर आउट पोष्ट नेचुङ्गका कमाण्डर सशस्त्र प्रहरी निरीक्षक डम्बर बहादुर श्रेष्ठ लगायतको उपस्थितिमा जिल्ला मुस्ताङ लोमान्थाङ गाउँपालिका (कोरोला नाका नजिक) मा चिनियाँ प्रतिनिधिहरुद्वारा उक्त सामाग्रीहरु हस्तान्तरण भएको ।

### मित्रराष्ट्र चिनबाट मिति २०७७/०३/०१ गते प्राप्त भएका स्वास्थ्य सामाग्रीहरुको विवरण

| सि.नं. | विवरण | परिमाण/ईकाई |
|---|---|---|
| १ | Disposable medical mask | 1,10,000 pcs |
| २ | Quick Test Kit | 1200 pcs |
| ३ | KN95 Mask | 1200 |
| ४ | PPE | 1100 pcs |
| ५ | Infrared Thermometer | 100 pcs |
| | सुरक्षाकर्मीहरुको लागि | |
| १ | KN95 Mask | 200 pcs |
| २ | Disposable Medical Mask | 2000 pcs |
| ३ | Protective goggles | 30 pcs |
| ४ | General Protective Clothing | 50 pcs |
| ५ | Disposable protective Gloves | 4000 pcs |
| ६ | 75% alcohol sterilizing spray | 50 pcs |
| ७ | Electronic Thermometer | 10 pcs |
| ८ | Disinfectant effervescent Tablets | 20,000 pcs |
| ९ | Sprayer | 10 pcs |
| १० | Generators | 2 pcs |
| ११ | Firing oven | 2 pcs |
| १२ | Thermo Jug | 20 pcs |
| १३ | Quilt | 20 pcs |
| १४ | Overcoat | 20 pcs |
| १५ | Shoes | 20 pcs |
| १६ | Autoclave | 4 pcs |
| १७ | Metal detector | 5 pcs |

## घाँसा स्थित अम्बेश्वरी ईन्जिनियरिङ्ग हाईड्रोपावरको भवनमा Pre-isolation कक्षको स्थापना



RDT Clinic मा RDT गर्दा नतिजा Reactive आएका तर स्वाव संकलन (PCR) को नतिजा आउन बाँकी व्यक्तिहरुलाई सुरक्षित तथा Isolation मा राख्नका लागि घाँसामा ३ (तीन) बेडको Pre-Isolation कक्षको निर्माण गरिएको छ । उक्त स्थानको सुरक्षा स्थितिलाई मजबुत बनाउनका लागि सुरक्षाकर्मीहरुद्धारा बारवेड वायर लगाउने कार्य भएको छ भने आवश्यक सुरक्षा समेत प्रदान गर्दै आएको छ ।

## मास्क तथा पन्जा व्यवस्थापनमा ACAP को सक्रियता




विश्वमा बढ्दै गएको कोरोना संक्रमण र यसको त्रास सँगै मास्क तथा पन्जाको प्रयोगमा पनि वृद्धि भएको छ । यसलाई प्रयोग पश्चात जथाभावी फाल्नाले यसबाट समेत थप संक्रमण फैलिन सक्ने र वातावरणमा समेत नकारात्मक असर पर्नसक्ने देखिएको हुँदा यसको सही व्यवस्थापनका लागि अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) मुस्ताङ कार्यालयले जिल्लाका विभिन्न सार्वजनिक स्थानहरुमा डस्ट विनको व्यवस्था गरेको छ ।



**घाँसामा स्थापना गरिएको RDT Clinic मा सुरक्षा प्रदान गर्दै सुरक्षाकर्मी ।**

**प्रकाशक**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, मुस्ताङ**

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang
Email : daomustang@gmail.com